का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ भदौ २०८१,
मंगलबार
3 September, 2024
Tuesday

मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक २०३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# जनार्दनको विकल्प: पलायन कि संघर्ष ?

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको विकल्प खोज्न थालेपछि निशानामा परेका उपमहासचिव जनार्दन शर्मा पार्टीमा पेलिने स्थितिमा पुगेका छन् । अब दह्रिलो भएर आन्तरिक संघर्ष गर्ने वा पार्टीबाट पलायन हुने विकल्पमा जनार्दन पुगेको नेताहरू बताउँछन् ।

**अस्मिता बम/मध्याह्न**
काठमाडौं, १७ भदौ ।

नेकपा माओवादी केन्द्रको पछिल्लो सर्कुलरले पार्टीभित्रको आन्तरिक अन्तरसंघर्षलाई थप उजागर गरिदिएको छ। उपमहासचिव जनार्दन शर्माले पार्टीभित्र राखेको विषयलाई केन्द्रित गर्दै माओवादी केन्द्रले आइतबार नयाँ सर्कुलर जारी गरेको छ ।

अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र महासचिव देव गुरुङले जारी गरेको सर्कुलरमा 'शर्माले पार्टी फुटाउँदै छ भन्ने प्रचारमा कुनै सत्यता नभएको' भन्ने वाक्यांश बोल्ड गरेर राखिएको छ ।

हालै सम्पन्न स्थायी समिति बैठकमा शर्माले आफ्नो फरक मत लिखित रुपमै राखेका थिए । उक्त स्थायी समितिको बैठक समापन गर्दै अध्यक्ष प्रचण्डले अब जनार्दनले पार्टी फुटाउँदैनन् भन्दै आफ्नो भन्ने निष्कर्ष सुनाएका थिए । त्यही आशयको सर्कुलर यही भदौ दुई गते जारी भएको थियो ।

त्यसमा विवाद भएपछि आइतबार नयाँ सर्कुलर जारी गरिएको हो । जसमा भदौ २ गते जारी गरिएको सर्कुलरमा थप भएका विषयलाई बोल्ड गरेर राखिएको छ ।

तर पूरानो विवाद सम्झाउने गरी नयाँ सर्कुलर जारी गरिएपछि पार्टीभित्रको आन्तरिक अन्तरसंघर्षलाई थप उजागर हुन पुगेको नेताहरू बताउँछन् ।

माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको विल्कप खोज्न थालेपछि निशानामा परेका उपमहासचिव शर्मा पार्टीमा पेलिने स्थितिमा पुगेका छन् । अब दह्रिलो भएर आन्तरिक संघर्ष गर्ने वा पार्टीबाट पलायन हुने विकल्पमा जनार्दन पुगेको माओवादी नेताहरू नै बताउँछन् ।

२०६९ सालमा माओवादी पार्टीको विभाजनपछि जनार्दन शक्तिमा आएका थिए । त्यसअघि २०५२ सालदेखि सुरु माओवादी युद्धका कमिसार रहेका जनार्दन शान्ति प्रक्रिया आसपासबाट प्रचण्ड सुप्रिम कमाण्डर रहेको जनमुक्ति सेनाका डेपुटी कमाण्डर थिए ।

२०६४ सालको संविधानसभा निर्वाचनमा माओवादी पहिलो दल भएपछि सरकारको नेतृत्व गर्ने अवसर पायो । अध्यक्ष प्रचण्ड नेतृत्वको सरकारमा २०६५ सालमा जनार्दन शान्ति तथा पुनर्निर्माण मन्त्री भए । त्यसको दुई वर्षपछि २०६७ सालमा झलनाथ खनाल नेतृत्वको सरकारमा पनि सोही मन्त्रालयको »» पृष्ठ २ मा



*कुशे औंसी अर्थात बुवाको मुख हर्ने पर्वका दिन सोमबार बिहान गोकर्णेश्वर महादेव मन्दिरस्थित बागमती नदी किनारामा दिवंगत बाबुको नाममा तर्पण, पिण्डदान तथा सिदादान गर्नेहरूको घुइँचो । तस्बिर : हरिराम भेटुवाल/रासस ।*



# मनाङेले छोडे मन्त्री पद

अब दीपक मनाङेको सत्तारोहणका लागि नेपाली कांग्रेस र नेकपा एमालेको सत्ता समीकरण टुट्नुपर्छ। त्यस्तो भए फेरि मनाङे सत्ताको खेलमा निर्णायक हुनेछन् र रोजेको मन्त्रालय लिएर मन्त्रिपरिषद् पुग्नेछन् ।

**भावना पाठक/मध्याह्न**
काठमाडौं, १७ भदौ ।

वन तथा वातावरण मन्त्रीमा सरुवा भएपछि गण्डकी प्रदेशसभाका स्वतन्त्र सांसद राजीव गुरुङ (दीपक मनाङे) रिसाएका छन् । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेकपा एमालेलाई सरकारमा सहभागी गराउँदै कार्यविभाजन गर्दा मनाङेलाई भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयबाट वन मन्त्रालयको जिम्मेवारीमा सरुवा गरेका थिए । »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# प्रस्तावित राजदूतमाथि म्यानपावर व्यवसायीसँग साँठगाँठको प्रश्नै प्रश्न

**मध्याह्न संवाददाता**
काठमाडौं, १७ भदौ

विभिन्न मुलुकका लागि प्रस्तावित राजदूतहरूले नेपाली कामदारको हकहित संरक्षण आफ्नो उच्च प्राथमिकतामा रहेको बताएका छन् । संसदीय सुनुवाइ समितिमा प्रस्तावित राजदूतहरूको सुनुवाइ भइरहेको छ। सुनुवाइका क्रममा सांसदहरूले राजदूतहरूको पृष्ठभूमि, संलग्नता र पक्षधरतालगायतका विषयमा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रश्नहरू गरेका छन् ।

सोमबार समितिमा नेपाली कामदारको प्रमुख रोजगार गन्तव्य मलेसिया, पोर्चुगल, इजरायल र पाकिस्तानका लागि प्रस्तावित राजदूतहरूको सुनुवाइ गरिएको छ । त्यसमध्ये मलेसियाका लागि प्रस्तावित राजदूत डा. नेत्रप्रसाद तिमिल्सिनाले सांसदहरूका अनेकौं प्रश्नहरू सामना गरे ।

यसअघिका राजदूत डिल्लीराज पौडेलमाथि मलेसियाको रोजगारीमा सिण्डिकेट लगाउन प्रयास गरेको कतिपयले आरोप लगाएका थिए । ती आरोपको पृष्ठभूमि उठाउँदै सांसदहरूबाट नयाँ राजदूत डा तिमिल्सिनामाथि प्रश्न गरिएको थियो । प्रस्तावित राजदूत डा. तिमिल्सिनाले सिण्डिकेट वा कसैसँग साँठगाँठ नगरी मलेसियाबाट उच्चस्तरीय भ्रमणसहित कामदारका हितमा आफूलाई समर्पित गर्ने दाबी गरे ।

जनता समाजवादी पार्टी नेपालका सांसद प्रकाश अधिकारीले राजदूत तिमिल्सिना म्यानपावर कम्पनी सञ्चालकबाट प्रभावित रहेको आशंकासहितको प्रश्न राखेका थिए । तर राजदूत तिमिल्सिनाले आफ्नो कसैसँग सम्बन्ध नरहेको बताए । उनले भने, 'मलेसियामा करिब ५ लाख कामदार छन् । उनीहरूको हित छाडेर कसैको पक्षमा काम गर्ने छैन ।'

निवर्तमान श्रममन्त्रीसमेत रहेका सांसद डीपी अर्यालले म्यानपावर व्यवसायीको घेरामा पर्नु हुन्छ कि ? भन्ने प्रश्न उठाए । जवाफमा प्रस्तावित राजदूत तिमिल्सिनाले भने, 'नजानेर गरें भने फरक कुरा हो । तर जानेर मजदुरहरूको हित छोड्ने छैन ।'

नेकपा एमालेका मुख्य सचेतक महेश बर्तौला, नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले पनि म्यानपावर व्यवसायीसँग निकटताबारे प्रश्न राखेका थिए ।

उता पोर्चुगलका लागि प्रस्तावित राजदूत प्रकाशमणि पौडेलले नेपालमा »» पृष्ठ २ मा

### वैदेशिक रोजगारको आवरणमा शिक्षित नै बेचिए

काठमाडौं/रासस- चितवनकी विपना गोले (नाम परिवर्तन)को घरमा साँझ बिहान दुई छाक खान धौधौ थियो । श्रीमानले ज्याला मजदुरी गरेर दुई चार पैसा कमाउँथे । तर कमाएको पैसाले दिनहुँ रक्सी खाएर घरमा झैझगडा गर्थे। विपनालाई चार छोराछोरीको पालनपोषण गर्न कठिन थियो । कसरी बालबच्चालाई पेटभरी ख्वाउने भन्ने चिन्ताले विपनालाई सधैं सताइरहन्थ्यो ।

यत्तिकैमा एक दिन विपनालाई नयाँ नम्बरबाट अपरिचित व्यक्तिको फोन आयो । विपनाले को रहेछ भनेर फोन उठाउँदै कुरा गरिन् । पछि त्यो फोन गर्ने मान्छेले सामाजिक सञ्जाल (फेसबुक)मा साथी बन्न अनुरोध पठाए । विपनाले »» पृष्ठ २ मा

# स्टार्टअप उद्यमीलाई ३ प्रतिशत ब्याजमा ऋण

**स्टार्टअप कर्जाका लागि ५ योग्यता**

- उद्यम व्यवसाय दर्ता भइ दश वर्ष ननाघेको
- प्राइभेट फर्म, साझेदारी फर्म, कम्पनी वा सहकारी संस्था उद्योगको रुपमा उद्योग दर्ता गर्ने निकायमा दर्ता भएको
- उद्यम व्यवसाय स्थापना भएपछिको कुनै पनि आर्थिक वर्षमा वार्षिक कारोबार १५ करोड रुपैयाँ ननाघेको
- सञ्चालित उद्यम व्यवसाय नगाभिइ वा नटुक्रिइ नयाँ उद्यम व्यवसाय गरेको
- नवीन एवम् सिर्जनशील सोचलाई उद्यम यवसायको रुपमा रुपान्तरण गरी तीव्र वृद्धिको सम्भावना भएको

**कर्जाका लागि प्रमाणपत्र**

- उद्योगको दर्ता र नवीकरण प्रमाणपत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
- अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन
- करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
- फर्म, कम्पनी वा उद्योगको आधिकारिक प्रतिनिधिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- कर्मचारी/कामदारको अघिल्लो आर्थिक वर्षको वार्षिक तलबी विवरण



**छबि सापकोटा/मध्याह्न**
काठमाडौं १७ भदौ ।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले नवप्रवर्धन (स्टार्टअप) उद्यम गर्ने ६ सय भन्दा बढिलाई ५ वर्षका लागि तीन प्रतिशत व्याजदरमा ऋण दिदैछ । प्रतिष्ठानले भदौ मसान्तसम्म स्टार्टअप व्यवसाय प्ररियोजनाको लागि माग गरेको छ । प्रतिष्ठानले नवप्रवर्धन (स्टार्टअप) उद्यम कर्जाका लागि परियोजना प्रस्ताव पेस गर्न आह्वान गरेसँगै प्रतिष्ठान, राष्ट्रिय वाणिज्य बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच त्रिपक्षीय समझदारी भएको छ । कर्जा प्रवाहलाई अगाडि बढाउनका लागि सोमबार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा भएको समझदारी भएको हो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री »» पृष्ठ २ मा

# खोलामा फोहोर फाले टोखा नगरपालिकाले कारबाही गर्ने

**काठमाडौं/मस-** टोखा नगरपालिकाले खोलामा फोहोर फाले कारबाही गर्ने भएको छ । सोमबार बसेको बैठकले खोलामा फोहोर फाल्नेहरुलाई नगरपालिकाको नीतिअनुसार तत्काल कारबाही गर्न नगर प्रहरीलाई निर्देशन दिएको हो । नगर प्रमुख, वडाध्यक्षहरु, प्रमुख प्रशासकीय अधिकृत, वातावरण शाखा लगायतका कर्मचारीहरु, सामाजिक अभियन्ता, फोहोर संकलन कर्ताहरु र नगर प्रहरीसहितको बैठक बसेको थियो ।

यस्तै खोला किनार क्षेत्रमा सूचना बोर्डहरु राख्ने निर्णय समेत गरिएको छ । नगर प्रहरीलाई खोला करिडोर क्षेत्रमा बिहान बेलुका अनुगमनमा पठाउने पनि निर्णय भएको छ ।



यसैबीच टोखा नगरपालिकामा १७ औं हप्ताको विष्णुमती सफाइ अभियान सम्पन्न भएको छ । बानियाँटार पुलदेखि मनोहरतिर्थ साङले खोला दोभानको क्षेत्रमा जनश्रमदानमा खोला सफाइ अभियान सम्पन्न भएको हो ।

सफाइ अभियानमा जनप्रतिनिधि, नगर प्रहरी, सशस्त्र प्रहरि, सामाजिक अभियन्ताहरु, लायन्स क्लव अफ काठमाडौं शुभारम्भ, फोहोरमैला संकलनका ८ संस्थाका सफाइकर्मीहरुको सहभागिता रहेको थियो । यस्तै २५ औं हप्तामा सफाइकर्मीहरुलाई सम्मान गर्ने निर्णय गरेको छ ।

आगामी हप्ता साङले खोला क्षेत्रमा शुरु गर्ने र सो अभियानमा धेरै भन्दा धेरै सामाजिक अभियन्ता र स्थानीयहरुलाई सहभागिता जनाउन नगर प्रमुख प्रकाश अधिकारीले आह्वान गरेका छन् । तारकेश्वर वडा नं. ९, १० र ७ लाई पनि खोला सफाइमा जुट्न पत्राचार गर्ने नगरपालिकाले जनाएको छ । सफाइ कार्यक्रममा अझै बृहत्त बनाउन राजनीतिक दलहरु, टोल विकास समिति, महिला समुह, स्काउट, नेपाली सेना, कमृचारी, महिला स्वास्थ्य स्वयंसेविका लगायत स्थानीय संघ/संस्थाहरुलाई अनिवार्य सहभागिता गराउन पत्राचार गरिने भएको छ ।



रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर ३ र ५ को बीचमा फैलिएको स्यार्पु तालमा आधुनिक डुंगा सञ्चालनमा आएको छ । स्थानीय दरिभान पुरीले डुंगा सञ्चालनमा ल्याएका हुन् । आधुनिक डुंगा सञ्चालनमा आएसँगै स्यार्पु तालमा आउने पर्यटकको संख्या बढेको छ ।
तस्बिर : प्रचण्ड खत्री/मध्यान्ह

# 'बदलिँदो परिवेशमा तिज र तिज गीतको सान्दर्भिकता'बारे बहस

**काठमाडौं/मस-** नेपाल प्रज्ञा-प्रतिष्ठानको साहित्य (काव्य/पद्य) विभागले बदलिँदो परिवेशमा तिज र तिज गीतको सान्दर्भिकता' विषयक अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रमको उद्घाटन प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले ब्यानर वाचन गरेर गरेका थिए । उनले भने, 'पितृसत्ताबाट उत्पीडनमा परेका महिलाहरू एकआपसमा भेला भएर सात/आठ हजार वर्षदेखि तिज मनाउँदै आएका छन् । पितृसत्ताविरुद्ध महिलाहरू तिज पर्वमा गीतसंगीतको माध्यमबाट



प्रस्तुत भएर विद्रोह गर्दै आएका छन् । यसलाई नारी मुक्तिको विद्रोहसँग जोडेर हेर्नुपर्नेमा जोड दिनुपर्छ ।' उनले सांस्कृतिक पर्व तिजको मौलिकता दलाल पुँजीवादको प्रभावमा फसेकोमा चिन्ता व्यक्त गरेका थिए ।

प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव डा. धनप्रसाद सुवेदीले महिलाहरूको महान् पर्व तिजले नारीबीच एकापसमा भेला भइ सुखदुःख, अभाव र उत्पीडनलाई व्यक्त गर्ने पर्व नै तिज हो भन्नेमा जोड दिएका थिए ।

उनले तिजका नाममा देखा परेका अशोभनीय तडकभडकहरू प्रति सबै सजग रहनुपर्ने सुझाव दिएका थिए । प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य (काव्य /पद्य) विभाग प्रमुख बाबा बस्नेतले तिज पुरातन संस्कृति र परम्परामा आधारित भएपनि समयसापेक्ष नवीनशैली देखापरेको बताएका थिए । उनले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत तिज पर्व व्यापक भइसकेको बताए ।

यसको मौलिकता र सांस्कृतिक मूल्यलाई संरक्षण गर्नु हाम्रै दायित्व रहेको उनले उल्लेख गरेका थिए । उनले तिज यसरी नै मनाउनुपर्छ भन्ने कसैको अधीनमा रहेको छैन । कुनै पनि विसंगतिबाट मुक्त हुँदै महिलामुक्तिका लागि तिज पर्वका गीतसंगीत प्रस्तुत हुनुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा अवधारणापत्र प्रस्तोता सुधा मैनालीले 'बदलिँदो परिवेशमा तिज र तिज गीतको सान्दर्भिकता' विषयक कार्यपत्र प्रस्तुत गरेकी थिइन् । उनले तिज र तिज गीतको परिचय, स्वरूप, समावेशीकरण, समाजशास्त्रीय दृष्टिकोण र तिजको भाषिक दृष्टिकोण लगायतका विषयमा अवधारणापत्र केन्द्रीत गरेकी थिइन् ।

# मोना कतारको आयोजनामा रमाइलो तिज कार्यक्रम हुने

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १७ भदौ

कतारदेखि गृह जिल्लासम्म सामाजिक क्षेत्रमा सक्रिय रहेको म्याग्दी प्रवासी नेपाली संघ(मोना) कतारले रमाइलो तिज कार्यक्रम आयोजना गर्ने भएको छ ।

विगत ३ वर्षदेखि हरितालिका तिजको अवसर पारेर रमाइलो तिज कार्यक्रमको गर्दै आइरहेको मोनाले यस पटक म्याग्देली भेला, सम्मान तथा तेस्रो रमाइलो तिज कार्यक्रम -२०२४ आयोजना गर्ने भएको हो ।

आगामी शुक्रबार प्लाजा मलमा रहेको सेन्चुरी रेस्टुरेन्टको सभा हलमा दिउँसो २ बजेबाट हुने कार्यक्रमका लागि साङ्गीतिक प्रस्तुति दिन नेपालबाट लोक तथा दोहोरी गायिका निरुता पुन कतार आउने भएकी छिन् ।

पुनका तिज गीत हेरन मै राम्रो छैन र, पञ्चेबाजा म्याग्दी




गलेश्वर लगायतका गीतहरू चर्चामा छन् । प्रत्यक्ष दोहोरीमा निकै रुचाइएकी गायिका पुनसँगै कतारमा रहेकी म्याग्देली थाली नृत्याङ्गना यमुना पटेल, नृत्याङ्गना सृजना घताने लगायतका अन्य कलाकारले साङ्गीतिक प्रस्तुति दिने भएका छन् । कतारमा रहेका म्याग्देली चेलीबेटीहरूलाई समेटेर कार्यक्रमको आयोजना गर्न लागिएको मोना कतारका अध्यक्ष राजु पौडेलले बताए ।

यो म्याग्देली भेला हो यस कारण संस्थागत र व्यक्तिगत रूपमा न्यून संस्था तथा व्यक्तिहरूलाई निमन्त्रणा गरिएको बताउँदै अध्यक्ष पौडेलले यसलाई विशुद्ध म्याग्देलीको तिज भनेर बुझ्न सकिने बताए ।

उक्त कार्यक्रमको अवसर पारेर मोना कतारको संरक्षकत्वमा स्थापित मोना कतार बहुउद्देश्यीय अक्षयकोषको आजीवन र संरक्षक सदस्यता प्रमाण पत्र आजीवन र संरक्षक सदस्यता खुल्ला रहेको बताउँदै अक्षयकोषमा आबद्ध भइ अक्षयकोषसँगै हातेमालो गरी सामाजिक कार्यमा पाइला बढाउन अनुरोध गरेका छन् । कार्यक्रम अक्षयकोष र महिला विभागको आयोजना तथा मोना कतारको सांस्कृतिक विभाग र खेलकुद विभागको सह-आयोजनमा कतारमा कार्यरत म्याग्देली चेलीबेटीहरूको सम्मानार्थ आयोजना गर्न लागिएको मोना कतारले जनाएको छ ।

**जनार्दनको...**

जिम्मेवारीमा पुगेका थिए । २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा शर्मा रुकुमबाट विजयी भए । २०७२ सालमा संविधानसभाबाट संविधान निर्माण भयो । त्यसपछि कांग्रेससँगको गठबन्धनमा बनेको सरकारमा २०७३ सालमा प्रचण्डको पालामा शर्मा ऊर्जामन्त्री बने । उनी ऊर्जामन्त्री हुँदा कुलमान घिसिङलाई विद्युत् प्राधिकरणको नेतृत्वमा ल्याएपछि लामो समयदेखि चलिरहेको लोडसेडिङको चंगुलबाट मुलुकलाई मुक्त गराउन सफल भएको भन्दै प्रशंसा बटुले ।

केही नेताहरूका अनुसार त्यो बेला प्रचण्ड सहित पार्टीका नेताहरू त्यसको श्रेय शर्मा एक्लैले लिएको भन्दै असन्तुष्ट बनेका थिए । त्यसपछि शेरबहादुर देउवा प्रधानमन्त्री हुने पालो आयो । शर्मा दोहोरिएर मन्त्री बने, त्यतिबेला भने उनी गृहमन्त्री बने । त्यसपछि २०७४ सालको निर्वाचनमा एमालेसँग गठबन्धन गरेर चुनाव लडेपछि पार्टी एकता भयो ।

२०७७ सालमा सर्वोच्चको आदेशमा एमाले र माओवादी एकता भंग भयो । कांग्रेससँग माओवादी लगायत दलहरूको गठबन्धन सरकार बनेपछि शर्मा अर्थ मन्त्री भएका थिए ।

यसरी सत्ता राजनीति र पार्टी सत्तामा बलियो बनाउँदै लगेका शर्माले पछिल्लो समय पार्टी अध्यक्ष प्रचण्डकै विल्पक खोजेका हुन् । यसका लागि पार्टीको स्थायी समितिको बैठकमा फरक मत राखेपछि उनी निशानामा परेका हुन् ।

**मनाङेले...**

मुख्यमन्त्रीको यस्तो निर्णयबाट रिसाएका मनाङे शपथग्रहण समारोहमै रिसाए ।

कसैसँग नबोली शपथग्रहण समारोहबाट निस्किएका मनाङेले मन्त्री पदबाट राजीनामा दिए । पत्रकारहरूसँग कुरा गर्दै मनाङेले आफूलाई अल्छी लागेकाले राजीनामा दिएको बताए । 'अब सरकारमा जान्न' उनले भनेका छन्, 'कति खाने मन्त्री ! अब रेष्ट गर्छु ।'

मनाङेको 'कति खाने मन्त्री !' भन्ने शब्द जे जस्तो गरी सार्वजपनक भएको भएता पनि उनको जीवनमा भने मेल खान्छ ।

मनाङे यस्ता पात्र हुन्, जो प्रदेश सभाको अघिल्लो कार्यकालमै सरकार गिराउन र बनाउन निर्णयक बने । वर्तमान कार्यकालमा पनि उनी पटक-पटक मन्त्री बने ।

सर्वोच्च अदालतले २३ फागुन २०७७ मा एमाले र माओवादी ब्यूँताइदिएपछि मनाङेले सत्ता खेलमा आफूलाई जता फाइदा उतै राख्न थाले ।

माओवादीले समर्थन फिर्ता लिँदा एमालेका पृथ्वीसुब्बा गुरुङ नेतृत्वको प्रदेश सरकार संकटमा पर्दा उनले मन्त्री बनाउनुपर्ने शर्त राखे । सरकार जोगिने आशमा तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले उनलाई खेलकुदमन्त्री बनाए । पृथ्वीसुब्बा ठूलो दलका हिसाबले दोस्रो पटक मुख्यमन्त्री बने र मनाङे पनि दोस्रो पटक खेलकुदमन्त्री ।

राष्ट्रिय जनमोर्चाले समर्थन फिर्ता लिँदा सरकार ढल्ने भएपछि मनाङे फेरि नयाँ सरकार बनाउन प्रयासरत कांग्रेस र माओवादी केन्द्रतिर लागे । ६० सदस्यीय प्रदेश सभामा ३१ सदस्य पुग्ने भएकाले निर्णयक मनाङेकै जगमा २०७८ जेठ १९ गते कांग्रेसका कृष्णचन्द्र नेपाली पोखरेलको नेतृत्वको सरकार बन्यो र तेस्रो पटक खेलकुदमन्त्री भए ।

अघिल्लो पटक एमालेको समर्थनमा चुनाव जितेका मनाङे मंसिरको चुनावमा निर्विरोध निर्वाचित भएर प्रदेशसभा छिरे । चुनाव जितेलगत्तै ५ दलीय गठबन्धनको सरकार बन्ने र फेरि मन्त्री बन्ने योजनाका साथ मनाङे १९ मंसिरमा नेकपा एकीकृत समाजवादी छिरे । तर, केन्द्रमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नै प्रधानमन्त्री बन्न एमाले लगायतका दलसँग समीकरण गरेपछि गण्डकीमा खगराज अधिकारी बन्ने मुख्यमन्त्री बन्ने भए ।

खगराज सरकारमै मन्त्री हुने योजनासहित केन्द्रमा जे गठबन्धन भए पनि गण्डकीमा 'खगराज दाइ'लाई नै समर्थन गर्ने बताए र नियुक्तिमा समर्थन पनि गरे ।

कांग्रेस-माओवादी गठबन्धन टुटेर एमाले र माओवादीको गठबन्धन बन्यो, कांग्रेसका सुरेन्द्रराज पाण्डेको नेतृत्वमा सरकार बन्यो, मनाङे मन्त्री बने । मनाङे समेतको मतको आधारमा एमाले र माओवादी गठबन्धन बिपरितको सरकार बनाउन सफल भएका कांग्रेसका मुख्यमन्त्री पाण्डेले फेरि पनि मनाङेलाई मन्त्रिपरिषदबाट हटाउन चाहेनन् । तर, मन्त्रालय फेरिदिँदा रिसाएर राजीनामा नै दिए । जे जस्तो भएता पनि प्रदेश सभाको अघिल्लो कार्यकाल समेतका आधारमा झण्डै पाँच वर्षदेखि जुन सरकार बनेपनि निरन्तरजसो मन्त्रीमा रहँदै आएका मनाङे यसपटक भने सत्ता बिमुख भएका छन् ।

नेताहरूका अनुसार अब मनाङेको सत्तारोहणका लागि कांग्रेस र एमालेको सत्ता समीकरण टुट्नुपर्छ । त्यस्तो भए फेरि मनाङे सत्ताको खेलमा निर्णायक हुनेछन् र रोजेको मन्त्रालय लिएर मन्त्रिपरिषद पुग्नेछन् ।

**स्टार्टअप...**

दामोदर भण्डारीले नेपालमा नै केही गर्न प्रोत्साहन गर्नका लागि १ अर्ब स्टार्टअप कर्जा वितरणको लागि सम्झौता भएको बताए । स्टार्टअप कर्जा मार्फत् देशमा उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन गर्न सहयोग पुऱ्याई रोजगारी समेत सृजना गर्नका लागि चालु आर्थिक वर्षमा सरकारले उच्च प्राथमिकतामा राखेको बताए । स्टार्ट अप कार्यक्रम कार्यान्वयन गर्दा निष्पक्ष र पारदर्शी रुपमा सञ्चालन गर्न निर्देशन दिए ।

सोह्रौं पञ्चवर्षीय योजना र बजेटले स्टार्ट अप व्यवसायलाई जोड दिएसँगै प्रतिष्ठानले स्टार्टअप उद्यम कर्जा प्रस्ताव पेश गर्नका लागि भदौ मसान्तसम्मको समय तोकेको औद्योगिक व्यवसाय विकास प्रतिष्ठानका कार्यकारी निर्देशक ई. उमेश कुमार गुप्ताले बताए । उनले गत वर्ष १ सय ८३ उद्यमीलाई कर्जा सिफारिस भएकोमा १ सय ६५ स्टार्टअप उद्यमीलाई कर्जा पाएको भन्दै यस वर्ष चारगुणा बजेट बढकोले ६ सय भन्दा बढीले कर्जा प्राप्त गर्न सक्ने बताए ।

सरकारले स्टार्टअप नेशन २०३० को लक्ष्यअनुसार सन् २०३० सम्म १० हजार स्टार्ट अपलाई प्रवर्द्धन गर्ने र त्यसबाट १ लाख रोजगारी सृजना गर्ने लक्ष्य राखेको छ । सहुलियतपूर्ण कर्जाको लागि औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले भदौ ११ गते सूचना लिकानेर स्टार्टअप उद्यम कर्जाको लागि परियोजना प्रस्ताव पेस गर्न माग गरेको छ । परियोजनाको आधारमा ५ लाखदेखि अधिकतम २५ लाख रुपैयाँसम्म स्टार्टअप उद्यम कर्जा पाइनेछ । कर्जा प्राप्त गर्नका लागि व्यवसाय वा परियोजना नै धितो भए पुग्नेछ । औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले कार्यविधिअनुसार कृषि, पर्यटन प्रवर्द्धन ,मनोरञ्जन, आइटी, स्वास्थ्य, शिक्षा, अटोमोबाइल, खानी तथा खनिज अनुसन्धान लगायत १९ वटा क्षेत्रमा प्राथिमिकता राखेको छ । स्टार्टअप उद्यम कर्जाका लागि कम्पनी दर्ता दश वर्ष ननाघेको, उद्यम स्थापना भएपछि कुनैपनि आर्थिक वर्षमा वार्षिक कारोबार १५ करोड भन्दा ननाघेको, उद्योगको रुपमा दर्ता भएको र नवीन एवं सृजनशील सोचलाई उद्यम व्यवसायको रुपमा रुपान्तरण गरी तीव्र वृद्धिको सम्भावना भएको क्षेत्रलाई प्राथामिकता दिएको छ ।

**प्रस्तावित...**

पोर्चुगलको भिसा सेन्टर स्थापना गर्नका लागि भूमिका खेल्ने बताएका छन् । त्यसबाट व्यापार र वैदेशिक रोजगारलगायतका क्षेत्रमा सहयोग पुग्ने उनको भनाइ थियो । हाल पोर्चुगल जान चाहने नेपालीलाई भिसा लिन लाखौं खर्च गरेर भारतको नयाँदिल्ली जानुपर्ने बाध्यता छ । वैदेशिक रोजगार व्यवसायीहरूले युरोपेली देशको नेपालमा कन्सुलर कार्यालय नहुँदा भिसाका लागि भारतको नयाँदिल्ली जाँदा लागत बढेको गुनासो गर्दै आएका छन् ।

**वैदेशिक...**

अनुरोध स्वीकार गरिन् । फेसबुकमा कुरा हुँदै जाँदा विपनालाई पैसा नलाग्ने गरी विदेश पठाइदिने प्रलोभन देखाए । विपनाले भनिन्, 'घरमा पनि सधैं लाउन खानकै दुःख, अरुभन्दा पनि छोराछोरीलाई कति दिन भोकै राख्ने भनेर मैले विदेश जाने निधो गरें ।'

फोन गर्ने मान्छेले विपनालाई भारत हुँदै कुवेत पठाइदिने भनेका थिए । भारतको बेश्यालयमा लगेपछि मात्रै दलालले आफूलाई बेचेको विपनाले थाहा पाइन् । एक वर्षपछि विपना आफन्तको सहयोगमा नेपाल फर्किन सफल भइन् ।

यसरी प्रलोभनमा पारेर भारतमा बेचिएकी विपना एक उदाहरण मात्रै हुन् । बढ्दो सूचना, सञ्चार र प्रविधिको विकासले मानव बेचबिखन सजिलो भएको छ । पहिले गाउँका सोझा महिला मात्रै बेचिन्थे । अहिले शहरका टाठाबाठा सजिलै बेचिने गरेका छन् । पछिल्ला पाँच वर्षयता शहरकै शिक्षित महिला बेचबिखनको जोखिममा पर्ने गरेको नेपाल प्रहरीको तथ्यांकमा उल्लेख छ । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले मानव बेचबिखन रोक्न तीव्रता देखाए पनि बढ्दो सञ्चार प्रविधिका कारण मावन बेचबिखन तथा ओसारपसार गर्न दलालहरुलाई सजिलो भएको छ ।

विभिन्न सरकारी तथा गैरसरकारी संस्थाले पनि मावन बेचबिखन रोक्न पहल गरिरहेका छन् । तर मावन बेचबिखनको अवस्था घट्नुको सट्टा बढ्दै गएको छ । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको तथ्यांक हेर्ने हो भने मानव बेचबिखनमा पर्ने ८० प्रतिशत बढी महिला छन् । पछिल्लो समय पाका उमेरका चिनियाँ र कोरियाली पुरुषले नेपाली युवती विवाह गरेर लैजाने र बेचबिखनमा पार्ने गरेको माइती नेपाल नामक संस्थाले जनाएको छ ।

नेपालबाट विवाह गरेर लगे पनि ती महिलालाई पछि घरमै बन्धकझैं बनाएर यातना दिने गरेको माइती नेपालको एक अध्ययनले देखाएको छ । वैदेशिक रोजगारीका लागि लैजाने तर प्रक्रिया नपुऱ्याइ लैजाँदा श्रम शोषण, यौनशोषण हुने गरेको छ ।

विभिन्न सामाजिक सञ्जालमार्फत एकले अर्कालाई साथी बनाउने र ती साथी चिनेजानेकै बाट बेचिने गरेका छन् । पछिल्लो समय धनुषा जिल्लाका सात र सिरहा जिल्लाका २१ गरी (२४ देखि ६० वर्षसम्मका) जम्मा २८ जना पुरुष बन्धक बनाइएको भारतीय गैरसरकारी संस्था किन इण्डियाले जनाएको थियो ।मन्त्रालयको अग्रसरता र नेतृत्वमा एवम् भारतस्थित नेपाली राजदूतावाससँगको समन्वय तथा किन इण्डियाको प्राविधिक सहयोग र सहकार्यमा उक्त पीडित/प्रभावितलाई उद्धार गरी जनकपुर, धनुषा ल्याइएको मन्त्रालयले जनाएको छ । यो घटनाको संवेदनशीतालाई मध्यनजर गरी धनुषा ल्याइएका २८ पुरुषलाई महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवल किशोर साह (सुडी), मन्त्रालयका सचिव भट्टराई र सहसचिव आभा श्रेष्ठ कर्णको समुपस्थितिमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, जिल्ला समितिमार्फत निजको परिवारसँग पुनःमिलन गराइएको छ ।

# संघीय शासन प्रणालीको सबलीकरणमा छलफल



**राजकुमार के.सी./मध्यान्ह**
पोखरा, १७ भदौ

फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टरको आयोजना एवम् गण्डकी प्रदेश सरकारको समन्वयमा संघीय शासन प्रणालीको सबलीकरण विषयक छलफल कार्यक्रम पोखरामा सम्पन्न भएको छ ।

सोमबार सेन्टरका अध्यक्ष डा. खिमलाल देवकोटाको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा मुख्यमन्त्री पाण्डेले संघीयता सवलीकरणका लागि सबैभन्दा पहिले शिर्ष राजनीतिक नेतृत्वको मानसिकतामा परिवर्तन आउनुपर्ने बताए । मुख्यमन्त्री पाण्डेले आफ्नै पहलमा पोखरामा राष्ट्रिय समन्वय परिषदको बैठक राखेर प्रधानमन्त्रीलाई समस्या सुनाउँदा समेत कार्यान्वयन हुन नसकेको बताए । उनले संघीय सरकारले कार्य विस्तृतिकरणका नाममा प्रदेशले पाइसकेका अधिकार खोस्ने काम गरेको समेत बताए ।

गण्डकी प्रदेशकी प्रमुख सचिब लक्ष्मीकुमारी बस्नेतले प्रदेश निजामती ऐन नबन्दा समग्र प्रदेशको प्रशासनिक अवस्थामा समस्या भएको बताइन् ।

कार्यक्रमको औचित्य माथि प्रकाश पार्दै संघीय संसदका पूर्व सांसद प्रकाश पन्थ र पार्वती रावलले संघीयता सबलीकरणमा तीनवटै तहको महत्वपूर्ण भूमिका रहने भएकोले आवश्यक सुझाव र सल्लाहको अपेक्षा सहित संघीय शासन प्रणालीको सबलीकरण विषयक छलफल कार्यक्रम आयोजना गरिएको बताए ।

कार्यक्रमको सहजीकरण संस्थाका अध्यक्ष डा. खिमलाल देवकोटाले गरेका थिए । देवकोटाले गर्दै सातै प्रदेश स्तरमा छलफल कार्यक्रम सम्पन्न गरि सोको प्रतिवेदन संघीय सरकार, प्रदेश सरकार र राजनीतिक दलका नेतृत्वलाई बुझाउने बताए ।

छलफलमा गण्डकी प्रदेश सरकारका मन्त्रीहरु, पूर्व सांसदहरु, राजनीतिक दलका नेताहरु, प्रदेश सरकारका मन्त्रालयका सचिवहरु, पालिका प्रमुख लगायतको सहभागिता रहेको फेडरलिजम् एण्ड लोकलाइजेसन सेन्टरका कार्यक्रम निर्देशक प्रल्हाद लामिछानेले बताए ।

यसरी पछिल्लो समय मानव बेचबिखनको शैली परिवर्तन हुँदै गएको हो । सामाजिक सञ्जालको बढ्दो प्रयोग, विदेशीसँग विवाह गर्ने क्रम र वैदेशिक रोजगारीमा जान चाहने महिलाको संख्या बढेसँगै बेचबिखनको जोखिम बढेको हो । सामाजिक सञ्जालमा आम नागरिकको पहुँच भएकाले वैदेशिक रोजगारीका नाममा मानव बेचबिखन फस्टाएको मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ । राम्रो लगाउनुपर्ने, मिठो खानुपर्ने र समाजमा देखाउनुपर्ने प्रवृत्ति बढ्दै जाँदा बेचबिखनको जोखिम बढेको जनाइएको छ । प्रविधिको विकाससँगै बढ्दो मानव बेचबिखन तथा ओसार पसार रोक्न राज्यले सोहीअनुरुप सक्रियता देखाउनुपर्ने देखिन्छ ।

UAE मा रोजगार
कम्पनी: AL FAHAD ELECTRICAL SYSTEMS LLC
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१२/०१ चलानी नं.: ६०२१६५४२ L.T. No.: 301767 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/office Cleaner | 50 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Female Cleaner | 0 | 15 | | 800 | २९,१६० | | | | | | | |
| 3. | Window Cleaner/ Bulding Exterier Cleaner/ Cleaner | 20 | 0 | | 800 | २९,१६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २५ गते (10 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BROTHER RECRUITMENT
श्रम इजाजत पत्र नं.: १६३९/०८०/०८१
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११

# दुधको भुक्तानी नदिए कारबाही गरिने

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
भालुबाङ, १७ भदौ

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले किसानलाई दुधको बाँकी भुक्तानी तत्काल नगरे नेपालगञ्ज दुग्ध वितरण आयोजनालाई कारबाही गर्ने चेतावनी दिएका छन्।

नेपालगञ्ज दुग्ध वितरण आयोजनाका प्रमुखसहित कर्मचारीहरुलाई मुख्यमन्त्री कार्यालयमा बोलाएर मुख्यमन्त्री आचर्यले लामो समयदेखि नेपालगञ्ज दुग्ध आयोजनाले किसानको दुधको भुक्तानी नदिएको गुनासो आफु समक्ष आएको बताउँदै उनले अविलम्ब भुक्तानी गर्न निर्देशन दिएका हुन्। मुख्यमन्त्री आचर्यले भने,'किसानको भुक्तानी रोकेर राख्न मिल्दैन्। म संघीय सरकारसँग पनि यस बारेमा छलफल गर्छु।' गत पुस महिनाबाट किसानले दुधको भुक्तानी नपाएकोले किसान मर्कामा परेकोले पैसा नदिनुको कारण समेत उनले सोधेका थिए।



संस्थानले दुधको भुक्तानीको लागि अर्थमन्त्रालयमा ६० करोड रुपैयाँ माग गरेको आयोजनाका कर्मचारीले बताएका थिए। लुम्बिनी प्रदेशको बाँकेको कोहलपुरमा रहेको नेपालगञ्ज दुग्ध वितरण आयोजनाले मात्रै २० करोड रुपैयाँ किसानको रकम भुक्तानी गर्न बाँकी रहेको गुनासो मुख्यमन्त्री कहाँ पुगेपछि मुख्यमन्त्रीले भुक्तानी नगरे आयोजनाका अधिकारीलाई कारबाही गर्ने चेतावनी दिएका हुन्।

लुम्बिनी प्रदेशको ग्रामीण अर्थतन्त्रको बलियो आधारको लागि दुग्ध व्यवसायलाई पहिलो प्राथमिकतामा राख्ने गरी प्रदेश सरकारले समेत योजना बनाउने मुख्यमन्त्री आचार्यले दाबी गरे।

नेपालगञ्ज दुग्ध वितरण आयोजनाका प्रमुख दिलिप चौधरी दुधमा आत्मनिर्भताको लागि नेपालगञ्ज दुग्ध वितरण आयोजनाको क्षमता विस्तार गर्न प्रस्ताव गरेका छन्। यो आयोजनाबाट लुम्बिनी र कर्णाली प्रदेश गरी पाँच जिल्लामा दुग्ध चिस्यान केन्द्र रहेका छन्। दुध उत्पादन बढ्दै गएपनि बजारीकरणको समस्या किसानले भोग्नु परेको छ।

असोज महिनादेखि चैतसम्म दैनिक आठ हजार लिटर दुध संकलन हुने गरेको छ। असोज,कात्तिक, मंसिर, पुस, माघ, फागुन, चैत महिनामा दुध उत्पादन बढेपनि बजारीकरण गर्न समस्या हुँदा मिल्क होलिडेको मारमा किसान छन्, तर वैशाखदेखि भदौ महिनासम्म दुध संकलन भने ह्वात्तै घट्ने हुँदा दुधको बजारलाई सन्तुलनमा राख्न समस्या पर्ने गरेको छ।

बैशाख, जेठ, असार, साउन, भदौ महिनामा दैनिक दुई हजार लिटर मात्रै दुध संकलन हुँदा बजारको माग धान्न नसक्ने अवस्था रहेको आयोजनाका पदाधिकारी बताउँछन्।

दुग्ध वितरण आयोजनाले दाङको शान्तिनगर दुग्ध चिस्यान केन्द्र, लमही दुग्ध चिस्यान केन्द्र, बर्दियाको सानोश्री, भूरिगाउँ चिस्यान केन्द्रबाट दुध संकलन हुँदै आएको छ। यस्तै सुर्खेतको छिन्छु दुध चिस्या केन्द्र र कोहलपुर आयोजना कार्यालयबाट समेत दुध संकलन हुँदै आएको जनाएको छ।

एक सय ११ सहकारी संस्थाबाट हजारौं किसानले दुध बिक्री वितरण गर्दै आएपनि समयमा पैसा नपाउँदा समस्या भएको छ। उद्योगबाट प्रतिघण्टा एक हजार लिटर दुध प्रशोधन गर्न सक्ने क्षमता रहेको पदाधिकारीले जानकारी दिए। हाल दैनिक १२ हजार लिटर दुध संकलन हुँदै आएको आयोजनाका कर्मचारी जनाए। दुधको सहज बजारीकरणको लागि पाउडर प्लान्ट बनाउन प्रस्ताव गरिएको आयोजना प्रमुख चौधरीले मध्यान्हलाई जानकारी दिए।

# गाउँपालिकास्तरीय स्वास्थ्य कार्यक्रमको वार्षिक समीक्षा

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १७ भदौ

सर्लाहीको बसबरिया गाउँपालिकाले गाउँपालिकास्तरीय स्वास्थ्य कार्यक्रमको वार्षिक समीक्षा सम्पन्न गरेको छ। बसबरिया गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा गत आर्थिक वर्ष २०८०/०८१ मा सम्पन्न भएका स्वास्थ्य कार्यक्रमको समीक्षा गरिएको हो।



आर्थिक वर्ष २०८०/०८१ को स्वास्थ्य कार्यक्रमको वार्षिक समीक्षा कार्यक्रममा बसबरिया गाउँपालिका अन्तर्गतका ६ वटा स्वास्थ्य संस्थाले गरेको कामहरूको प्रस्तुतीकरण गर्दै लक्ष्यअनुसारको प्रगति हासिल गर्न आइपरेका चुनौती र समस्यामा व्यापक छलफल भइ आगामी वर्षमा सुधार गर्नुपर्ने विषयमा कार्ययोजना बनाइएको बसबरिया गाउँपालिका स्वास्थ्य शाखा सह-संयोजक विजय यादवले बताए।

उनका अनुसार कार्यक्रममा गाउँपालिकाभित्रका स्वास्थ्य केन्द्रहरुको अवस्था, बजेट र खर्चको अवस्था तथा बित्तिय प्रगति विवरण, सम्पन्न हुन नसकेका कार्यक्रम, स्वास्थ्य संस्थालाई आवश्यक औषधि तथा उपकरणको अवस्थाका साथै सेवाग्राहीलाई दिइने सेवाको अवस्थाका बारेमा स्वास्थ्य संस्थाका प्रमुखहरुले सहभागीहरुलाई जानकारी गराएका थिए।

यस्तै, बसबरिया गाउँपालिकाअन्तर्गतका ६ वटा स्वास्थ्य संस्थामध्ये मूल्यांकनको आधारमा पहिलो स्थान प्राप्त गर्ने बसबरिया-५ धनगढा स्वास्थ्य चौकी, दोस्रो वडा नं.६ सहोड्वा स्वास्थ्य चौकी र तेस्रो स्थान प्राप्त गर्न सफल भएको वडा नं.१ मानपुर स्वास्थ्य चौकीका इन्चार्जलाई गाउँपालिका अध्यक्ष राय र स्वास्थ्य कार्यालय सर्लाहीका प्रमुख डा. नवलकिशोर झाले संयुक्तरूपमा सम्मानपत्र प्रदान गरेका थिए।

कार्यक्रममा बसबरिया गाउँपालिकाका अध्यक्ष रामसिंहासन रायले वार्षिकरुपमा गरेको कामको समीक्षासँगै स्वास्थ्य सेवालाई अझै प्रभावकारी बनाउनुपर्नेमा जोड दिए। उनले सीमित साधान स्रोतका बाबजुद यहाँका स्वास्थ्यकर्मीहरुले देखाएको सक्रियता प्रसंशनीय रहेको भन्दै स्वास्थ्यकर्मीहरुप्रति धन्यवाद व्यक्त गरे।

# प्रा.डा. चोखानी सिनियर कन्सल्टेन्ट पल्मोनोलोजिष्टमा नियुक्त

**काठमाडौं/मस–** प्रा.डा.रमेश चोखानी हिमाल अस्पतालमा सिनियर कन्सल्टेन्ट पल्मोनोलोजिष्टका रुपमा नियुक्त भएका छन्।

हिमाल अस्पतालमा एक विशेष कार्यक्रममा बरिष्ठ परामर्शदाता पल्मोनोलोजिस्ट तथा ब्रोन्कोस्कोपिस्ट प्राध्यापक डाक्टर रमेश चोखानीलाई नियुक्त गरिएको अस्पतालका प्रबन्ध निर्देशक नविन ताम्लीले जानकारी दिए।



प्रा.डा.चोखानीलाई अस्पतालका कार्यकारी अध्यक्ष प्रा.डा.लोकविक्रम थापाले पुष्पगुच्छा, खादा माला लगाएर स्वागत गरेका थिए। लामो समयखदेखि एक अग्रणी छाती चिकित्सकको रुपमा राष्ट्रलाई सेवा प्रदान गर्दै आएका डा.चोखानी अबका दिनमा हिमाल अस्पताल प्रा.लि.मा नै जीवनले भ्याएसम्म बिरामीहरुको सेवा प्रदान गर्ने उद्देश्यले आबद्ध भएका हुन्। काठमाडौंको ज्ञानेश्वरमा अवस्थित नेपालको दोस्रो पुरानो निजी मल्टिस्पेशलिटी अस्पतालको रुपमा परिचित हिमाल अस्पतालले चार दशकभन्दा धेरै समयदेखि गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ। अस्पताको चिकित्सकीय टोलीमा डा.चोखानी थपिएपछि अस्पतालको पल्मोनोलोजी विभागलाई थप बलियो बनाउने र बिरामीको हेरचाहमा सुधार हुने अपेक्षा गरिएको छ।

स्वागत समारोहमा अस्पतालमा बरिष्ठ सल्लाहकार डा.शशिकुमार थापा (शिनियर कन्सलटेन्ट ग्याँष्ट्रोईन्टेरोलोजी, हेपाटोविलरी), प्रबन्ध निर्देशक नविन ताम्लि, प्रमुख प्रसाशकीय अधिकृत राजेन्द्र केसी, परामर्शदाता चिकित्सक तथा विभागीय प्रमुखहरुलगायतको उपस्थिति रहेको थियो। प्रा.डा.चोखानीको पल्मोनोजिको क्षेत्रमा भएको बृहत्त अनुभवलाई अस्पतालको महत्वपूर्ण सम्पत्तिको रुपमा हेरिएको छ र डा. चोखानीको उपस्थितिले अस्पताल आएका बिरामीहरुको उपचारमा विश्वसनीय ढंगले अगाडि बढ्दै अस्पतालको गरिमा, विश्वास र सेवा, सुविधाको प्रतिबद्धतालाई अझ अगाडि बढ्ने विश्वास गरिएको प्रबन्ध निर्देशक नविन तामिले बताए।

डा.चोखानीको स्वागत कार्यक्रममा छोटो मन्तव्य राख्दै अस्पतालका प्रबन्ध निर्देशक नविन ताम्लिले भने, 'डा.चोखानीको आफ्नो विशेषज्ञता प्रदान गर्नुहुन्छ, यसले हिमाल अस्पतालको गरिमालाई अझ नयाँ शिखरमा पुग्नेछ।'

निर्देशक ताम्लि काठमाडौंको विभिन्न अस्पतालमा कार्यरतरही जन जनको विश्वास आर्जन गरिसकेका डा.चोखानी जस्तो डाक्टरलाई अबका डाक्टरी जीवन हिमाल अस्पतालमा बिताउने गरी स्वागत गर्न पाउँदा हिमाल अस्पतालका सबै फ्याकेल्टीका सम्पूर्ण टिम हर्षले गद्गद् हुँदै स्वागत गर्दछौं भन्दा सबैले ताली बजाएर खुसी व्यक्त गरेका थिए।

## बाँकेमा तिजको रौनक
# गुल्मेली समाजद्वारा छात्रछात्रालाई पुरस्कार र सम्मान

**नेपालगन्ज/मस–**बाँकेमा विगत दुई सातादेखि हिन्दू नारीहरुले नाचगानका साथ साँस्कृतिक पर्व तिज मनाइरहेका छन्।

पश्चिम नेपालको प्रमुख शहर नेपालगञ्जका कुनै पनि होटेल, रेष्टुरेन्ट र पार्टी प्यालेस दुई सातादेखि तिजको नाचगान र दर खाने कार्यक्रमले भरिभराउ देखिन्छ। सोही महान पर्व तिजको अवसरमा गुल्मेली समाज सेवा समिति बाँकेको आयोजनामा स्थानीय न्यू इन्द्रेणी होटेलमा तिज मिलन, पुरस्कार तथा सम्मान कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ।



गुल्मेली समाज सेवा समिति बाँकेका अध्यक्ष हरिलाल न्यौपानेको अध्यक्षता, ब्रह्माकुमारी विश्वविद्यालय नेपालकी केन्द्रीय उपाध्यक्ष तथा नेपालगञ्ज केन्द्रकी प्रमुख ब्रह्माकुमारी दुर्गाको प्रमुख आतिथ्यता तथा लुम्बिनी प्रदेश सभासद मीना श्रेष्ठको विशिष्ठ आतिथ्यमा सम्पन्न सो कार्यक्रममा गुल्मेली समाज सेवा समिति बाँकेका सदस्यहरुका १२ कक्षामा सर्वोत्कृष्ट अंक ल्याएर उत्तीर्णलाई पुरस्कृत गरिएको छ। यस्तै गुल्मेली समाजका भजन किर्तन टोलीका ११ जनालाई पनि सम्मान गरिएको छ।

स्थानीय प्रसिद्ध शक्तिपीठ बागेश्वरी मन्दिरमा गत वर्षदेखि हरेक सोमबार साँझ भइरहेको महाआरती कार्यक्रममा गुल्मेली समाजका भजन किर्तन टोलीले भजन किर्तन गर्दै आएका छन् भने गत गाइजात्रा महोत्सवमा पनि उक्त टोलीले भजन किर्तन गरेर चर्चा कमाएको थियो।

प्रमुख अतिथि ब्रह्माकुमारी दुर्गा र विशिष्ठ अतिथि श्रेष्ठले कक्षा १२ मा सर्वोत्कृष्ट अंक ३.३१ जिपिए ल्याएर उत्तीर्ण हिमनाथ पौडेल र पवित्रा पौडेलकी सुपुत्री भूमिका पौडेल र सर्वोत्कृष्ट अंक २.८५ जिपिए ल्याएर उत्तीर्ण देवीलाल मरासिनी र धनुमाया मरासिनीका सुपुत्र विजय मरासिनीलाई जनही नगद रु.५ हजार एक सयसहित सम्मान पत्र हस्तान्तरण गरेका थिए। गुल्मेली समाज सेवा समिति बाँकेका कोषाध्यक्ष प्रदीप सापकोटाका अनुसार समितिले हरेक वर्ष कक्षा १२ मा सर्वोत्कृष्ट अंक ल्याएर उत्तीर्ण हुने १ जना छात्र र १ जना छात्रालाई हरेक वर्ष सम्मानका साथ पुरस्कृत गर्ने गरेको छ।

प्रमुख अतिथि ब्रह्माकुमारी विश्वविद्यालय नेपालकी केन्द्रीय उपाध्यक्ष तथा नेपालगन्ज सेवा केन्द्रकी प्रमुख ब्रह्माकुमारी वरिष्ठ राजयोगिनी दुर्गाले सहभागी महिलाहरुबीच उत्प्रेरणात्मक मन्तव्य व्यक्त गर्नु आफु यो समाजमा नारी शक्ति र महिमाको चर्चा गर्दै अहिले कलियुगको उत्कर्षमा भएकोले नारीहरु असरक्षित भएको चर्चा गरिन्।

पवित्र तिज पर्वको अवसरमा आफुभित्रको रिस, राग द्वेस हटाएर सबैसँग प्रेम, सद्भाव राखेर आफुलाई भित्री रुपमा अझ बलियो बनाउने संकल्प गर्दै उनले व्रत बस्न आग्रह गरिन्।

कार्यक्रममा समितिका संस्थापक संयोजक पूर्णलाल चुके, खजुरा गाउँपालिकाका पूर्व अध्यक्ष किस्मत कुमार कक्षपति, संस्थापक अध्यक्ष लक्ष्मण प्रसाद गौतम, पूर्व अध्यक्ष भास्कर काफ्ले, रुपईडिहा पत्रकार संघका अध्यक्ष शेरसिंह कशौधन, दैनिक नेपालगन्जका स्तम्भकार मित्रलाल सापकोटा, अधिवक्ताद्वय ईश्वरी प्रसाद ज्ञवाली र बसन्त गौतम, पत्रकारहरु मधु पौडेल, पवन जायसवाल, वरिष्ठ व्यवसायी विष्णु प्रसाद गौतम लगायत करीब दुई सय बढीको सहभागिता रहेको थियो।

समाजका सचिव हिमनाथ पौडेलद्वारा सञ्चालित तथा उपाध्यक्ष भीमलाल कँडेलले स्वागत गरेको सो कार्यक्रममा गुल्मेली समाज सेवा समिति बाँकेका पदाधिकारीहरु, गुल्मी जिल्लामा जन्म भई कर्मथलोको रुपमा बाँके जिल्लाको विभिन्न ठाउँमा रहेका गुल्मेलीहरुको सहभागिता रहेको थियो।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
राजस्व अनुसन्धान कार्यालय
इटहरी, सुनसरी

लिलाम विक्रीका लागि शीलवन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१/०५/१७ गते

यस कार्यालयमा विभिन्न मितिमा जफत भएका तथा लिलाम गर्नुपर्ने मालवस्तुहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनीका लागि राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावाली २०७० को नियम २६ बमोजिम शिलबन्दी बोलपत्रका माध्यमबाट लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण राजस्व अनुसन्धान विभागको वेवसाइट www.dri.gov.np तथा यस कार्यालयको सूचनापाटीमा समेत हेर्न सकिनेछ।

प्रमुख अनुसन्धान अधिकृत

एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
(प्रकाशित मितिः २०८१/०५/१८)

यस बैंकको निक्षेपकर्ता श्री नाति कुसलेको श्रीमती, सूर्ज मान कुसलेको छोरी, ललितपुर जिल्ला, गोदावरी नगरपालिका, वडा नं. १४ बस्ने वर्ष ७९ की श्रीमती मनिका देबी कुसले (ना.प्र.नं. ६६१/१८८१, नागरीकता जारी मिति २०४४/१२/०९) को मिति २०८१/०३/१९ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको छोरा श्री रामेश्वर कुसलेले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा निवेदक बाहेक अन्य कुनै ब्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोरा श्री रामेश्वर कुसलेको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

20 Years of Excellence
हरेक दृष्टि, आर्थिक कोण
Hearty Congratulations !
आर्थिक अभियान
Many Congratulations on achieving this significant milestone.

नेप्सेम्याक सेवा
प्रा. लि. परिवार
के.का. धोबिघाट, ललितपुर ४

KANTIPUR SECURITY SERVICE PVT. LTD.
KATHMANDU-2054
WE SERVE PERFECT SECURITY
खेम राज भण्डारी
प्रवन्ध निर्देशक तथा
कान्तिपुर सेक्युरिटि सर्भिस प्रा. लि. परिवार
चावहिल, काठमाडौं।

Salt Trading Corporation Limited
SALT TRADING CORPORATION LIMITED
KALIMATI, KATHMANDU

JAG SHAKTI
JAGDAMBA PIPE
विश्वास युगौं युगको
JAGDAMBA ENTERPRISES PVT. LTD.
Factory: Parsa (Jeetpur) Birgunj-053-412255/77
Head Office: Birgunj-051-534441/ 534442
Corporate Office Ktm:01-4111820 /21/22/23/24

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१८ भदौ २०८१, मंगलबार
3 September 2024, Tuesday

## सम्पादकीय

# अस्थिरताको उपज

सत्ता स्वार्थमा आधारित राजनीतिक उतारचढाबका कारण उत्पन्न विकृत अभ्यासले प्रदेश सरकारहरू बद्नाम बनिरहेको छ । गल्ती गर्ने संघ अनि सजाय खेप्ने प्रदेश भइरहेको छ । जसको बलियो उदाहरण गण्डकी प्रदेश हो । अरू प्रदेश जस्तै गण्डकीमा पनि संघीय सत्ता परिवर्तनको असर पर्दै आएको छ । पछिल्लो असरको उपक्रम अन्तर्गत सोमबार मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेकपा एमालेका चार जना मन्त्री नियुक्त गरे । संघमा एमालेसँग सत्ता सहकार्य गर्ने निर्णय भएकाले नेपाली कांग्रेस नेतृत्वको गण्डकी मन्त्रिपरिषद् पुनर्गठन गर्नु परेको हो । जबकी गण्डकी प्रदेश सभामा एमाले बिनै मुख्यमन्त्री पाण्डे बहुमतमा थिए । उनलाई राप्रपा, स्वतन्त्र सांसद दीपक मनाङे र नेसपाका सांसद फणिन्द्र देवकोटाको समर्थनमा थियो ।

तर संघको सत्ता समीकरणसँग मिलाउन मुख्यमन्त्री पाण्डेले मन्त्रालय फुटाएर एमालेलाई सरकारमा सहभागी गराउँदै दीपक मनाङेको आपत्तिजनक अभिव्यक्ति सार्वजनिक भएको छ । मनाङेले 'कांग्रेस वा एमालेका सांसदलाई मन्त्रालय बेचिदिने' अभिव्यक्ति दिएका छन् । उनको त्यस्तो आपत्तिजनक अभिव्यक्ति सार्वजनिक भएको छ । मनाङे गण्डकीमा सदावहार मन्त्री बनिरहेका स्वतन्त्र सांसद हुन् । राजनीतिक अस्थिरताकै लाभ उठाएर पटकपटक मन्त्री बनिरहेका मनाङेले आक्रोशमा गम्भीर टिप्पणी गरेको सहज अनुमान लगाउन सकिन्छ । किनकि उनलाई भौतिक पूर्वाधार एवं यातायात मन्त्रालयबाट वन मन्त्रालयमा सार्ने मुख्यमन्त्री पाण्डेको निर्णय थियो । तुलनात्मक कमजोर मन्त्रालयमा सारिने भएपछि मनाङेले गम्भीर टिप्प्णीसहित राजीनामा गरे । राजनीतिक वृत्तमा मनाङेको अभिव्यक्तिको चर्को आलोचना भइरहेको छ ।

तर उनलाई यति गम्भीर टिप्पणी गर्ने अवस्थामा भने दलहरूले नै पुऱ्याएका हुन् । यदि राजनीतिक स्थिरता हुन्थ्यो भने उनलाई फकाइरहनुपर्ने आवश्यकता नै पर्ने थिएन । दलहरूले जनताको विश्वास जित्न सकेका थिए भने मनाङे जस्तो पृष्ठभूमिका मानिस विधायिका बनेर आउने नै थिएनन् । तर सवथोक भइरहेको छ । ठूला दलहरूकै समर्थन पाएर स्वतन्त्र सांसद बन्ने अनि मन्त्री बनिदिन उनीसँग अनुनय गर्ने काम नेताहरूले गरिरहेका छन् । जसको परिणाम मनाङेले मनपरी बोलिरहँदा पनि सिंगो राजनीतिक वृत्त मौन रहने मात्र भइरहेको छैन, वर्तमान व्यवस्थाप्रति नै बितृष्णा बढिरहेको छ । संघीयता, धर्म निरपेक्षता, समावेशीता जस्ता संविधानका अन्तर्वस्तुमाथि लगातार प्रश्न उठिरहेको छ । यसको समाधान भनेको एउटै छ, राजनीतिक स्थिरता । अब पनि नेतृत्व गम्भीर नहुने हो भने अनुमानित राजनीति खतरा टाढा छैन ।

# दलीय राजनीति र विश्वविद्यालय

*एकातर्फ दण्डहीनता मौलाउँदै जाने, अर्कोतर्फ राजनीतिक हस्तक्षेप जारी रहने हो भने कुनै दिन विश्वविद्यालयको भवन र कर्मचारी रहने तर, विद्यार्थी नरहने अवस्था नआउला भन्न सकिँदैन ।*

अग्रलेख



● डा. दिबाकर वशिष्ठ

विश्वविद्यालयप्रति विद्यार्थी आकर्षण बढाउने हो भने राजनीतिक दलहरूले दलीय भागबन्डा अन्त्य गर्नु पर्दछ । योग्यता, दक्षता, क्षमता, विषय विज्ञताको आधारमा विश्वविद्यालयहरूको विभिन्न पदमा नियुक्ति गर्ने परिपाटीको विकास भएमा गुणस्तरीय शिक्षाको विकास भएमा विदेश अध्ययन गर्न जानेको लर्कोमा कमी आउने छ । विद्यार्थी र विश्वविद्यालय पदाधिकारी वा क्याम्पस प्रमुख एवम् अन्य कर्मचारीको बिचमा मित्रवत् व्यवहारले मात्र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने हुँदा यसतर्फ कसैको ध्यान गएको देखिएन बरु तालाबन्दी, थुनछेक, धरपकड, लडाइँ, झगडा नभएको दिन पाउन कठिन छ भन्नेहरू मनग्य छन् । विश्वविद्यालयले ज्ञान उत्पादन गर्ने हो कि त्रास सिर्जना गर्ने हो भन्ने चर्चा यत्रतत्र सुनिन थालेको छ । दुदराजदेखि शिक्षा लिन आएका विद्यार्थीको भविष्य के होला भन्ने तर्फ सरोकारवालाको चासो जानु जरुरी छ । कुनै पनि पदाधिकारी वा उपकुलपति कुनै न कुनै पार्टीको छत्रछाँयामा रहनु पर्ने परिपाटीले भविष्यमा विश्वविद्यालयको हविगत के होला भनेर प्रश्न गर्ने बेला आएको छ ।

नेपालमा जति पनि दल छन्, केही बाहेक अधिकांशको आ-आफ्नै पक्षमा विद्यार्थी संगठन रहेको देखिन्छ । विद्यार्थी संगठन हुनु राम्रो हो, यो एक मात्र आधिकारिक हुनु पर्दछ तर, पार्टी पिच्छे च्याउ जस्तै उम्रेका संगठनको बलमिचाइँले गर्दा शैक्षिक वातावरण बिग्रेको देखिन्छ । सबैको चाहना वर्षौंदेखि थियो विश्व विद्यालयको शैक्षिक वातावरण राम्रो होस्, पूर्णकालीन प्राध्यापक अन्य कलेजमा क्लिनिकको रूपमा काम गर्न नजाउन, विश्वविद्यालयलाई अनुसन्धानको थलो बनाइयोस्, विद्यार्थीको लागि चाहिने पुस्तकालय प्रविधिमैत्री होस् र चौबिसै घण्टा खुलोस् लगायत थियो तर, पछिल्लो समय विद्यार्थीले नै आफ्नो गुरुहरूलाई कुटपिट गर्ने, तालाबन्दी गर्नेलगायतको विवादास्पद अवस्था किन आयो भन्नेतर्फ विश्वविद्यालयका पदाधिकारीले गम्भीर भई यस सम्बन्धमा खोज अनुसन्धान गर्नुपर्ने वेला आएको छ । राजनीतिक शक्ति र पाखुराको बलमा पद हत्याउन विधि स्थापित भयो भने आगामी दिनमा विश्वविद्यालयमा विद्यार्थी खोज्न टर्च बाल्नु पर्ने एकातर्फ देखिने अवस्था छ भने अर्कोतर्फ विश्वविद्यालयको वरियता अन्तर्राष्ट्रिय क्षेत्रमा दिनानुदिन खस्केको देख्न सकिन्छ ।




देशको सबैभन्दा जेठो र लोकप्रिय त्रिभुवन विश्वविद्यालयमा सुरक्षा व्यवस्था भएन गरिदिनु पऱ्यो भनेर शिक्षा मन्त्रीले नै हार गुहार गर्नुले कतै आफ्नै दलका विद्यार्थी संगठनहरू आफैलाई घाँडो त भएन भन्ने प्रश्न गर्नेहरू पनि मनग्य देखिन्छन् । एकातर्फ दण्डहीनता मौलाउँदै जाने, अर्कोतर्फ राजनीतिक हस्तक्षेप जारी रहने हो भने कुनै दिन विश्वविद्यालयको भवन र कर्मचारी रहने तर, विद्यार्थी नरहने अवस्था नआउला भन्न सकिँदैन । अहिले पनि विद्यार्थी अभावमा त्रिभुवन विश्वविद्यालयलगायत अन्य विश्वविद्यालय समेत प्रभावित भइरहेको अवस्था छ । विश्व विद्यालयको प्रमुख समस्या भनेको सुशासन र छिटोछरितो सेवा एवम् शैक्षिक गुणस्तर नै हो भन्नेहरूको बाहुल्यता छ, त्यसो त अरू सयौं समस्याहरू यथावत् नै होलान् जसको समाधान हालको नेतृत्वले गर्ला भन्ने आस र भरोसा धेरैमा थियो तर, हात्ती आयो हात्ती आयो फुस्सा भने जस्तै हुने छाँट देखिँदैछ ।

विद्यार्थी भनेको भगवान हुन जसलाई विश्व विद्यालयको ग्राहकको रूपमा हेर्नु पर्दछ के सधैँ बेथिति कायम रहेमा विद्यार्थी रुष्ट भई आन्दोलन गर्नुको विकल्प हुन्छ र ? विश्व विद्यालयको वि.स. २०७७ को तथ्यांकलाई आधार मान्ने हो भने कुल विश्व विद्यालय ११, आङ्गिक कलेजहरूको सङ्ख्या चिकित्सा सहित करिब १४४१ देखिन्छ भने करिब ४ लाख ५० हजार विद्यार्थी अध्ययनरत देखिन्छन् तर हाल सर्वेक्षण गर्ने हो भने के यो संख्यामा विद्यार्थी होलान् र भन्नेहरूको कमी छैन ।

प्रधानमन्त्री र मन्त्रीहरूले समेत त्रिविवि सुधारको लागि उपकुलपतिलगायतका अन्य पदहरूमा समेत निष्पक्ष छनोट गर्नुपर्ने कुरामा जोडतोडले लागेका थिए तर, पनि नेपालका राजनेताहरू जनपक्षिय कुरा बोल्ने सस्तो लोकप्रियता एक छिनको लागि हासिल गर्ने तर, कार्यान्वयन गर्दा परम्परावादी सोच अर्थात् हाम्रो जति राम्रो भन्ने आधारमा नै नियुक्ति गर्ने सोच रहेसम्म सुधारको कल्पना गर्न सकिँदैन । बौद्धिक पलायन रोक्न नसकिएको, विद्यार्थी विदेश पढ्न जानेको लर्को लागेको, शैक्षिक क्यालेन्डर बनाई कार्य नगरेको, गुणस्तरीय शिक्षा नभएको, व्यावसायिक शिक्षामा जोड नभएको हुँदा विश्व विद्यालय किन चाहियो र भन्ने आवाज दिन प्रतिदिन उठ्नुले आम शिक्षा प्रेमीलाई चिन्तित बनाएको भएता पनि केही पक्षहरू जस्तै क्यालेन्डर लागु गर्नेलगायतमा भने सुधारको संकेत देखिएको छ । मेरो व्यक्ति आए विश्वविद्यालय सुधार हुन्छ अन्य आए हुँदैन भन्नेहरू पनि देखिन्छन् । विश्वविद्यालयको समग्र प्रणालीमा सुधार हुनु पर्दछ भन्नेहरूको सङ्ख्या पनि मनग्य देखिन्छ । समग्रमा हेर्दा, कुनै पनि विश्वविद्यालयको सफलता त्यहाँ कार्यरत कर्मचारी, प्राध्यापक र विद्यार्थीको एकताले मात्र सम्भव छ, त्यस्तै त्रिभुवन विश्वविद्यालयमा पनि राजनीतिक हस्तक्षेप बन्द गरी मेरो होइन कि हाम्रो भन्ने सोचको आधारमा निष्पक्ष र स्वतन्त्र व्यक्ति (जो दलको कार्यकर्ता होइन)लाई छनोट गर्न सकेमा सुधार र सफलता भन्ने कुरा टाढा छैन । विश्व विद्यालयको प्रणालीगत सुधारको लागि कुनै एक्लै व्यक्तिबाट सम्भव हुँदैन तर, उपकुलपतिको नेतृत्वमा आउने व्यक्तिले ।

*विश्वविद्यालयले ज्ञान उत्पादन गर्ने हो कि त्रास सिर्जना गर्ने हो भन्ने चर्चा यत्रतत्र सुनिन थालेको छ । दुदराजदेखि शिक्षा लिन आएका विद्यार्थीको भविष्य के होला भन्ने तर्फ सरोकारवालाको चासो जानु जरूरी छ ।*

प्रशासनिक पद रेक्टर, त्रिविवि सेवा आयोग, विद्यार्थी संगठनहरू, प्राध्यापक, कर्मचारीलगायतलाई एकीकृत गरी आफ्नो प्रगतिशील सोच र लक्ष्य एवम् योजनालाई अल्पकालीन, मध्यकालीन र दीर्घकालिनरूपमा विभाजन गरी प्रविधिमा जोड दिँदै दृढ इच्छा शक्तिका साथ कार्यान्वयनमा जान सक्यो भने मात्र विश्वविद्यालयको सुधार हुनेछ भन्नेमा कसैको दुई मत नहोला ।

आज विश्वविद्यालयमा कसैको दबाब र प्रभावले काम गर्ने व्यक्तिभन्दा पनि निष्पक्ष र दक्ष व्यक्तिको खाँचो छ । भागबन्डाले विश्वविद्यालय थिलो-थिलो बनाएको छ । तसर्थ, विश्वविद्यालयको खास समस्या के हो ? विद्यार्थीको आकर्षण किन घटेको ? उपकुलपति कस्तो व्यक्ति हुनुपर्ने भन्ने विषयमा समाजका बौद्धिक वर्गमा चर्चा हुनु स्वाभाविक मानिन्छ । नेपाली र विश्व बजारले कुन विषय र दक्षता खोजेको छ ? परीक्षा प्रणालीमा किन सुधार हुँदैन ? नतिजा किन ढिला ? दलप्रति झुकाव भएको व्यक्ति नै किन ? खुला प्रतिस्पर्धामा निष्पक्षता हुने कि नहुने ? दक्ष प्राध्यापक र कर्मचारीमा नैरास्यता किन ? राइट म्यान राइट प्लेसको अवधारणा किन लागु हुँदैन ? विश्वविद्यालय र कलेजहरू किन रित्तिएका ? विश्वमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन हुन किन नसकेको ? विश्व र्याङ्किङ्ग किन पछि पर्दै गएको ? विश्वविद्यालयको प्रचार प्रसार किन नभएको ? विदेशी सम्बन्धनका कलेज किन विस्तार भएको र त्यहाँ विद्यार्थी सङ्ख्या किन बढेको ? त्रिविविलगायत अन्य विश्वविद्यालयप्रति विश्वास बढाउन के गर्ने ? विश्वविद्यालयमा हुने बारम्बारको तालाबन्दी, आन्दोलन र तोडफोडलाई रोक्न के गर्ने ? अधिकार भने खोज्ने तर, कर्तव्यको पालना नगर्ने कर्मचारी तथा शिक्षकलाई के-कस्तो दण्ड दिने ? भन्ने सम्बन्धमा बौद्धिक वर्ग र शिक्षा मन्त्रालयबिच गोलमेच सम्मेलनको जरुरी भइसकेको छ ।

